# बुढीगंगा नगरपालिकाको विनियोजन ऐन २०७५

बुढीगंगा नगरपालिकाको आ.व. २०७५/०७६ को सेवा र कार्यहरुको लागि स्थानीय संचित कोष बाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**सभाबाट स्वीकृति मिति : २०७५/०३/३२**

प्रस्तावना

बुढीगंगा नगरपालिकाको आर्थिक वर्ष ०७५/०७६ को सेवा र कार्यको लागि संचित कोषबाट केहि रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बुढीगंगा नगरसभाले यो ऐन बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम बुढीगंगा नगरपालिकाको विनियोजन ऐन २०७५ रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. आर्थिक वर्ष २०७५/०७६ को निमित्त संचित कोष बाट रकम खर्च गर्ने अधिकार : (१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त बुढीगंगा नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूचि १ मा उल्लेखित चालु खर्च पूँजिगत खर्च र वित्तिय व्यवस्थाको रकम समेत गरि जम्मा रकम रु ३५,१३,५४,०००।-.(अक्षेरुपी पैतिस करोड तेह्र लाख चौपन्न हजार रुपैयामात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संचित कोष बाट खर्च गर्न सकिने छ।

३. विनियोजन : (१) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त बुढीगंगा नगरपालिका नगरकार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले वचत हुने शिर्षकबाट नपुग हुने शिर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शिर्षकबाट सो शिर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्नेगरी कुनै एक वा एक भन्दा बढी शिर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न तथा निकाशा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तिय व्यवस्थातर्फ विनियोजित रकम सावा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्य चालु खर्च शिर्षकतर्फ सार्न र वित्तिय व्यवस्था अर्न्तगत सावा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शिर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजिगत खर्च र वित्तिय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शिर्षकबाट सो शिर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरि कुनै एक वा एक भन्दा बढी शिर्षकहरुमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।